नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
## हुलाक प्रशिक्षण केन्द्र
बबरमहल, काठमाडौं

# लेख रचनाका लागि आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८३।०४।१८**

हुलाक प्रशिक्षण केन्द्रबाट नियमित प्रकाशन हुने हुलाक पत्रिका (THE POST) "विश्व हुलाक दिवस विशेषांक" २०८३, वर्ष ६६, अंक २१३, को प्रकाशनको लागि निम्न शर्तको अधिनमा रही हुलाक सेवाको प्रवर्द्धनमा टेवा पुग्ने, सूचना प्रविधिको विकास तथा नवप्रवर्तन र सार्वजनिक प्रशासनसँग सम्बन्धित लेख रचनाहरु सार्वजनिक निकायमा कार्यरत कर्मचारी एवं सम्बन्धित विषय विज्ञहरुबाट **मिति २०८३ भदौ १७** गतेभित्र यस कार्यालयमा आईपुग्ने गरी उपलब्ध गराइदिनहुन अनुरोध छ ।

क. लेख रचनाहरुमा विशेष गरी हुलाक सेवा, सुशासन, सूचना प्रविधि, नवप्रवर्तन, सार्वजनिक प्रशासन तथा व्यवस्थापन, हुलाक सेवा सम्बन्धी साहित्य सिर्जना, अध्यात्मिक चिन्तन, समसामयिक शासकीय एवम् व्यवस्थापकीय मामिलाहरु लगायतका विषयवस्तु समेटिएको हुनुपर्नेछ।

ख. लेख रचना Soft (Digital) Copy र Hard Copy सहित वा यस कार्यालयको इ-मेल ठेगना ptc@nepalpost.gov.np अथवा hulakprashikshan@gmail.com मार्फत पठाउनु पर्नेछ।

ग. लेख रचना नेपाली भाषामा भए युनिकोडमा Kalimati Font को साइज ११ र अंग्रेजी भाषामा भए Cabibri (Body) Font को Size १० मा कम्तिमा १५०० र बढीमा ३००० शब्दको हुनुपर्नेछ।

घ. लेख रचनाको शुरुमा सारांश, पृष्ठभूमि, विषयवस्तुको विश्लेषण, सुझाव, निष्कर्ष र अन्त्यमा सन्दर्भ सामग्री अनिवार्यरुपमा संलग्न हुनुपर्नेछ ।

ङ. लेख रचना पठाउँदा लेखकको पुरा नाम, पद, कार्यालय, ठेगाना, स्थायी लेखा नं. (PAN No.) र सम्पर्क नं. उल्लेख गर्नुपर्नेछ।

च. प्राप्त लेख रचना प्रकाशन गर्ने वा नगर्ने अधिकार सम्पादक मण्डलमा रहने छ। अस्वीकृत लेख रचना फिर्ता गरिने छैन।

छ. अन्यत्र प्रकाशन भैसकेका र अन्य लेखकको लेख वा प्रकाशित कृतिबाट हुबहु नक्कल गरिएका लेख रचनाहरु प्रकाशन गरिने छैन।

ज. यस पत्रिकाको लागि पठाइएको लेख रचना यो अंक प्रकाशित नहुँदासम्म अन्यत्र प्रकाशनका लागि दिन पाइने छैन।

झ. अन्य विस्तृत जानकारीका लागि कार्यालयको टेलिफोन नं. ०१-५३६२५७९, ०१५३६२७७० अथवा मोवाइल नं. ९८५८०५००४६ सम्पर्क गर्न सकिने छ।

२०८३।०४।१८
प्रमुख